स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




आर्यन खानको डेब्यू वेब सिरिज 'द ब्याड्स अफ बलिउड' ले ओटीटी दुनियाँमा हलचल मच्चाएको छङ्आर्यन खानको डेब्यू वेब सिरिज 'द ब्याड्स अफ बलिउड' ले ओटीटी दुनियाँमा हलचल मच्चाएको छ। ४ दिन भित्रै यो सिरिज नेटफ्लिक्सको विश्वव्यापी चार्टमा शीर्ष स्थानमा पुगेको छ। भारतमा मात्र नभई विश्वभर चौँथो सबैभन्दा धेरै हेरिएको श्रृंखला बन्यो, सलमान खानको रियालिटी शो 'बिग बोस १९'ले पनि प्रभुत्व राखिरहेको छ।

**आजको विचार...**



**निराशाको...** *(दुई पेजमा)*

डा. डीआर उपाध्याय

अभिनेता केदार घिमिरे 'माग्ने बुढा'ले आफूमाथि आक्रमण भएजस्तो देखिने एक भिडियोका सत्यताबारे प्रशंसकमाझ प्रष्टीकरण दिएका छन्। फेसबुकमा बुधबार दिउँसो लाइभ आउँदै उनले आगामी फिल्म 'माइतीघर' प्रचारप्रसारको लागि अन्तर्वार्ता दिन केही युट्युब च्यानलमा गएको र प्रि-प्लानअनुसार आफूमाथि प्र्यांक गरिएको बताए। उनले भने, 'धेरै जना शुभचिन्तकले त्यो भिडियो के हो भनेर सोधिरहनु भएको छ। यसबारे स्पष्टीकरण दिन चाहन्छु।' सल्लाहअनुसार प्र्यांक गरिएको उनले बताए।




❒ वर्ष ३१ ❒ अंक ७० ❒ २०८२ असोज ९ गते बिहीबार 25 September 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### बमबारीमा १५ प्यालेस्टिनीको मृत्यु

(रासस/एएफपी)

गाजा पट्टी, असोज ८/ इजरायली सेनाले बुधबार गाजामा घर र शिविरहरूमा आक्रमण गर्दा कम्तीमा १५ प्यालेस्टिनी मारिएको गाजाको नागरिक सुरक्षा प्रवक्ताले बताएका छन् । इजरायलले गाजा सहरमा ठूलो हवाई र भूमि आक्रमण सुरु गरेको छ । आक्रमणपछि लाखौँ मानिसलाई सहर छाड्न बाध्य पारेको छ । केही मानिसले केन्द्रमा शरण लिएको बेला हवाई आक्रमणले प्रहार गरेको प्रवक्ता महमुद बासलले बताए । उनका अनुसार नगरपालिकाको गोदाम र फिरास बजार नजिक विस्थापितहरूको त्रिपालमा गरिएको तीनवटा हवाई आक्रमणमा कम्तीमा सात जनाको मृत्यु भयो । तीमध्ये धेरै बालबालिका थिए । अन्य आक्रमणमा अल-सहाबा स्ट्रिटको अपार्टमेन्टमा दुई र अल-यर्मोक बजार क्षेत्रमा एक जनाको मृत्यु भएको छ । मध्य गाजाको नुसिरातमा हेलिकप्टर आक्रमणले चार जनाको ज्यान लियो भने नजिकैको अर्को घरमा हवाई प्रहारमा एक जनाको मृत्यु भएको नागरिक सुरक्षाले जनाएको छ । हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार करिब दुई वर्षयता इजरायली कारबाहीले ६५ हजार तीन सय ८२ प्यालेस्टिनी मारिएका छन् । मारिनेमा अधिकांश सर्वसाधारण रहेका छन् । संयुक्त राष्ट्रसैले यसलाई भरपर्दो तथ्याङ्क मानेको छ । आधिकारिक तथ्याङ्कअनुसार सन् २०२३ अक्टोबर ७ मा हमासको आक्रमणमा एक हजार दुई सय १९ इजरायली मारिएका थिए । मिडिया प्रतिबन्ध र पहुँच कठिनाइका कारण एएफपीले यी विवरण स्वतन्त्र रूपमा प्रमाणित गर्न सकेको छैन ।

# दसैंको मुखमा छुट्टाछुट्टै घटनामा परी ६ जनाको मृत्यु

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज ८/दसैं मुखैमा देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा ६ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सवारी दुर्घटना, करेन्ट लागेर र अन्य कारणले ६ जनाको ज्यान गएको हो ।





सवारी दुर्घटनाबाट मात्र तीन जनाको मृत्यु भएको छ । बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-१ धम्बोजीस्थित सडकमा ट्याक्टरले मोटरसाइकललाई ठक्कर दिदा एक जनाको मृत्यु भएको छ । भे.१ त ७७८४ नम्बरको ट्याक्टरले भे.१२ प ९४८७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक सोही ठाउँ बस्ने ५२ वर्षीय कर्णबहादुर थापाको घट्नास्थलमै मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै काठमाडौं महानगरपालिका-६ चुच्चेपाटी भाटभाटेनीस्थित सडकमा ट्रकले स्कुटरलाई ठक्कर दिदा अर्का एक जनाको मृत्यु भएको छ ।

म.प्र.०३-००२ ख ४०६७ नम्बरको ट्रकले बा.८६ प ७४५७ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार बुढानिलकण्ठ नगरपालिका-१२ कपन बस्ने सिन्धुपाल्चोक बलेफी गाउँपालिका-६ घर भएकी २६ वर्षीया सिता तिमिल्सनाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको सामुदायिक स्तुपा अस्पताल चुच्चेपाटीमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुवै सवारी साधनका चालकहरूलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी काठमाडौंको नागार्जुन नगरपालिका-४ सोल्टी दोवाटोस्थित सडकमा भ्यानको ठक्करबाट एक जनाको मृत्यु भएको छ । बा.प्र -०१-०३० च ६५०१ नम्बरको इभि भ्यानको ठक्करबाट सोही नगरपालिका-१० घर भएका ६३ वर्षीय हरिचन्द्र लामिछानेको बुधबार बिहान मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको मनमोहन अस्पताल स्वयम्भूमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । भ्यान चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । बारबर्दिया नगरपालिका-६ धामपुर बस्ने ३३ वर्षीय झलक रेग्मीको करेन्ट लागेर मृत्यु भएको हो । घर नजिकै रहेको विद्युतको तारबाट करेन्ट लागेर गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै सडक छेउमा एक जनाको शव फेला परेको छ । दाङको बबई गाउँपालिका-२ भालुडाँडा बस्ने ५० वर्षीय मनसराम विक सोही गाउँपालिका-३ राताामाटास्थित सडक छेउमा मृत अवस्थामा फेला परेका छन् । यसैगरी दाङकै, राप्ती गाउँपालिका-२ रामनगर टोल बस्ने ४५ वर्षीय हुकुमराज नेपाली सोही ठाउँस्थित नहरमा मृत अवस्थामा फेला परेका छन् । सबै घटनाको विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।







# आज नवरात्रको चौथो दिन : कुष्माण्डा देवीको पूजा आराधना गरिँदै

**पाल्पा,** असोज ८/नवरात्रीको चौथो दिन दसैँ घर वा पूजा कोठामा नौ दुर्गामध्येकी चौथो कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिँदै छ । प्रत्येक वर्ष आश्विन शुक्ल चतुर्थी अर्थात् दुर्गा पक्षको चौथो दिन कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गर्ने शास्त्रीय विधि छ । आध्यात्मिक, आधिभौतिक र आधिदैविक यी तीन तापलाई कुष्मा भनिन्छ । नवदुर्गामध्येकी चौथो देवी कुष्माण्डाले शरणमा आएका भक्तको तीनै ताप हरिदिने भएकैले यो नामकरण भएको हो । कुष्माण्डाले सुराले भरिएका घडा तथा रगतयुक्त पात्र धारण गर्ने विभिन्न पुराणमा उल्लेख गरिएको छ ।



दुर्गा पक्षसमेत भनिने दशैँको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी, र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ । यीनै नौवटा दुर्गाका रुपलाई नवदुर्गा पनि भनिन्छ । नवरात्रको पहिलो दिन दसैँघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो । दोस्रो दिन पूजा स्थलमा दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो भने तेस्रो दिन चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना गरिएको थियो । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडादसैं पर्व मनाउँछन् । नवरात्रमा देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको भिड लाग्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# नेतृत्व हस्तान्तरण अहिलेको आवश्यकता

**यति बेला नेतृत्व हस्तान्तरणको विषयले व्यापकता पाएको छ । 'जेनजी आन्दोलन'पछिको परिणामले साना-ठूला पार्टीहरुमा नेतृत्व हस्तान्तरणको विषयले व्यापकता पाएको देखिन्छ । नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादीभित्रैबाट 'नेतृत्व हस्तान्तरण' को आवाज चर्किंदै गएको छ । सामाजिक सञ्जालदेखि आन्तरिक बैठकसम्म पुस्तान्तरणको बहसले गति लिन थालेको छ । अहिलेको अवस्थामा यसलाई सकारात्मक नै लिनुपर्छ ।**

**अग्रपंक्तिका जुन नेताहरूका कारणले गर्दा मुलुकमा आहिले अवस्थाको सिर्जना भएको छ । तिनै नेताहरूको नेतृत्वलाई स्वीकार गरेर अगाडि बढ्ने हो भने भोलिको अवस्था यस्तै रहिरहनेछ, त्यसमा सुधार हुनसक्दैन भन्ने सोच नयाँ पुस्ताले राखेको छ । नयाँ पुस्ता वा जेन-जी समूहले त अब कुनै पनि हालतमा बुढापुरानाहरूको नेतृत्व स्वीकार गर्नै सक्दैन । दोस्रो पुस्तामा नेतृत्व हस्तान्तरण भएका खण्डमा भने उनीहरूले केही हदसम्म स्वीकार गर्न सक्लान् । नेपालको राजनीतिको केन्द्रबिन्दुमा रहेको पार्टी भनेको नेपाली काँग्रेस हो र यस पार्टीको केन्द्रीयतामा अरू पार्टीहरू घुमिरहेका हुन्छन् । काँग्रेसमा दोस्रो र तेस्रो पुस्ताका नेता लामो समयदेखि नेतृत्व परिवर्तनको माग गर्दै आएका छन् । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले नेतृत्व रूपान्तरणको विषयलाई जोडतोडका साथ उठाइरहेका छन् । आवश्यक परे ७७ जिल्लासम्म बहस सिर्जना गर्ने र कार्यकर्ताको मनोभावनाबमोजिम अगाडि बढ्ने उद्घोष उनीहरूको छ । जेनजी पुस्ताको माग सम्बोधन गर्दै पार्टीलाई रूपान्तरण गर्ने दायित्व आफ्नो काँधमा आएको महामन्त्रीद्वयले पटक पटक दोहोऱ्याएका छन् । राज्यले ठूलो जनधनको क्षति बेहोरिरहेको समयमा कांग्रेसको पार्टी जीवनमा पनि अपुरणीय क्षति पुगेकाले यसलाई पहिलकै अवस्थामा ल्याउने एक मात्र विकल्प नेतृत्वको रूपान्तरण भएको तर्क उनीहरुको छ ।**

**रास्वपामा पनि यस्तै माग भइरहेको छ । माओवादी पार्टीमा पहिलेदेखि नै उकुसमुकुसको स्थिति रहँदै आएको हो । एमालेमा भने अध्यक्षको अधिनायकवादी शैलीका कारण धेरै प्रतिभाशाली व्यक्तिहरू अनुशासनको कारबाहीमा परेर बाहिरिनुपरेको अवस्था थियो र अध्यक्षको विरोधमा जाने हिम्मत भएको थिएन तर पछिल्लो समयमा पूर्वराष्ट्रपति विद्या भण्डारी सक्रिय राजनीतिमा फर्किन चाहेपछि पार्टी दुई पक्षमा विभाजित बन्दै आएको बेलाको चरम अवस्थामा जेन-जी आन्दोलन भएको छ । यसको सबैभन्दा मुख्य जिम्मअगाडि बढ्ने सोच उहाँहरूमा रहेको पाइन्छ । यस्तो अवस्था रहिरहने हो भने फेरि आन्दोलन निम्तिन सक्छ । त्यसकारण सबै पार्टी पुनर्गिठित भएर दोस्रो पुस्तालाई नेतृत्व सुम्पँदै पहिलो पुस्ताका नेताहरू आफू अभिभावक भएर बस्दा वर्तमान परिस्थिति संलिन सक्छ ।**

## Opinion @ Social Network

जिन्दगी आफ्नो तरिकाले जिउने गर्नुहोस्
यो समाज न त प्रगति मा खुसी हुन्छ
नत दुर्गतिमा साथ दिन्छ ।

*(गोमा चोहानको फेसबुक स्टाटसबाट www.facebook.com/Goma.Chohan)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निराशाको खरानीमा विश्वासको बिरुवा रोप्न ढिला नगरौं



**डा. डीआर उपाध्याय**

सरकारी संयन्त्रमा 'काम। भन्ने शब्द कहिल्यै प्राथमिकतामा परेको देखिँदैन । कहिले ढिलाइ, कहिले बहाना, कहिले अरूको टेवा कुर्ने परम्परा झन् गहिरिँदै गएको छ । तर, अब यो परम्पराले चल्दैन । चल्न दिन पनि हुँदैन । किनभने, मुलुक अहिले यस्तो मोडमा पुगेको छ जहाँ नागरिकले आफ्ना अधिकार र असमानताविरुद्ध जीवन आहुति दिन पछि परेका छैनन् । जेन-जी आन्दोलन साम्य भएको केही दिनमात्रै भएको छ । यो पंक्ति लेख्दासम्म ७४ नागरिकले आफ्नो प्राण गुमाएका छन् । सयौं घाइते छन् । कोही अझै अस्पतालको शैय्यामा छन्, कोही उपचार अभावमा गाउँघरमा पीडामा छट्पटाइरहेका छन् । आन्दोलनका क्रममा कति भौतिक सम्पत्तिको क्षति भयो भन्ने अझै लेखाजोखा गरिएको छैन । तर, आँखा देख्ने प्रमाणले मात्रै पनि अनुमान गर्न सजिलो छ-देशलाई ठूलो नोक्सानी भइसकेको छ । सबैभन्दा पहिले पर्यटन क्षेत्रमा गम्भीर धक्का लागेको छ । नेपालको मुख्य आशा र रोजगारीको एउटा महत्वपूर्ण आधार नै पर्यटन हो । तर, आन्दोलनका तस्वीर, हिंस्रक भिडन्त र आगजनीका दृश्यहरूले अन्तर्राष्ट्रिय सञ्चारमाध्यम भरिएका छन् । यसले नेपाल भ्रमण गर्ने पर्यटकको मनोविज्ञानमा गहिरो चोट पुऱ्याएको छ । होटल, रिसोर्ट, रेष्टुरेन्टहरूले तत्कालै रद्द भएका बुकिङ, घटेका पाहुनाको संख्या र लाखौंको लगानी डुब्ने डरको सामना गर्नुपरेको छ । यस्तै, सञ्चारगृहमाथि गरिएको आगजनीले अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारमाथि गम्भीर प्रहार गरेको छ । प्रेसमाथि आक्रमण केवल भवन जलाउने काममात्र होइन, लोकतन्त्रको मेरुदण्डलाई कमजोर बनाउने षड्यन्त्र हो । निजी क्षेत्रका सुपरस्टोर, उद्योगधन्दा, र व्यवसायकर्मीको नोक्सानी अझै पूर्णरूपमा सार्वजनिक भएको छैन । तर, क्षतिका आँकडा जब उजागर हुनेछन्, त्यो भयावह हुनेछ भन्ने संकेत अहिलेकै अवस्थामा प्रष्ट छ । यस परिस्थितिले एक तथ्य फेरि उजागर गरेको छ-नेपालको सरकारी संयन्त्र अझै नागरिकप्रति उत्तरदायी बन्न सकेको छैन । संकट बेलामा द्रुत कदम चाल्ने, राहत प्याकेज ल्याउने, नोक्सानीको मूल्यांकन गर्ने, अनि दीर्घकालीन पुनर्निर्माण योजना बनाउनुपर्ने जिम्मेवारी सरकारको हो । तर, हाम्रो संयन्त्र अल्छी र ढिलासुस्तीमै फसिरहन्छ । यही प्रवृत्तिले गर्दा जनतामा असन्तोष अझै बढिरहेको छ । पहिलो, सरकारले तत्कालै आन्दोलनमा मारिएकाको परिवारलाई राहत दिनुपर्छ । उनीहरूको जीवन अमूल्य थियो, जुन फर्काउन सकिँदैन । तर, राहत र सम्मानमार्फत परिवारलाई राज्यसँगको सम्बन्ध टुट्न नदिने जिम्मेवारी सरकारकै हुन्छ । दोस्रो, सम्पत्तिमा भएको क्षतिको मूल्यांकन गरी पुनर्निर्माण कोष स्थापना गर्नुपर्छ । यसमा निजी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय दातृ निकायको सहकार्य आवश्यक छ । तेस्रो, सरकारले दीर्घकालीन दृष्टि अपनाउनुपर्छ । रोजगार सिर्जना, उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन र सुशासन स्थापनाले मात्रै भविष्यमा यस्ता विस्फोटक आन्दोलन रोक्न सक्छन् । जेन-जी आन्दोलनले नेपाललाई एउटा ठूलो सन्देश दिएको छ, देश अब पुरानै ढर्राले चल्दैन । भ्रष्टाचार, असमानता र ढिलासुस्ती सहनशीलताको सीमा नाघिसकेको छ । यो आन्दोलन शान्त भइसकेको भए पनि धड्कन अझै जनतामाझ बाँचिरहेको छ । राज्य संयन्त्रले अब पनि 'कामलाई प्राथमिकतामा नराख्ने हो भने अर्को विष्फोट अझै ठूलो हुनेपक्का छ । अहिलेको घडी चेतावनी हो-सरकार सचेत भएन भने, आन्दोलनले बनाएको यो आँधीको अगाडि सारा संरचना फेरि ढल्न सक्छ । सरकारका प्रमुख अंग-संसद्, अदालत र प्रधानमन्त्रीको कार्यालयलगायत क्षति नभएका कुनै मन्त्रालय बाँकी छैनन् । देशभरका सयौं सरकारी कार्यालयमा आगजनी गरिएको छ । सुरक्षा निकायका सशस्त्र प्रहरी र नेपाल प्रहरीमाथि गम्भीर हमला भएको छ । हजारौं कैदी जेल तोडेर बाहिरिएका छन् । आगामी दिनमा हुनसक्ने आपराधिक घटनाको भय बढाएको छ, जसले समाजलाई व्याकुल बनाएको छ । यतिमात्र होइन, सुरक्षाकर्मीबाट खुलमखुला हतियार खोसिएका भिडियो र तस्वीर सामाजिक सञ्जालमार्फत सार्वजनिक भएका छन् । ती दृश्यहरूले आमनागरिकमा सुरक्षा चुनौती थपमात्र गरेका छैनन्, सुरक्षा निकायकै मनोबल तहसनहस पारेका छन् । देशको स्थायित्व र शान्ति कायम गर्ने जिम्मेवारी बोकेका संस्था यसरी कमजोर पारिनु नेपालको इतिहासमै गम्भीर चोटको रूपमा दर्ता भएको छ । सरकारी कार्यालयमा न बस्ने कुर्सी बाँकी छन्, न काम गर्ने कोठा सुरक्षित छन् । खरानीको थुप्रोमाथि बसेर राज्य सञ्चालन गर्ने असम्भव परिस्थितिले मुलुकलाई अन्धकारतिर धकेलेको छ । 'सुरुवात कसरी गर्ने ?। भन्ने प्रश्न अहिले प्रत्येक कर्मचारी र आमनागरिकको मनमा छ । नेपालमा भएका अहिलेसम्मका राजनीतिक आन्दोलनमध्ये यो यस्तो आन्दोलन भयो, जसले २७ घण्टामै सरकार ढाल्योमात्र होइन, खर्बौं रुपैयाँबराबरको भौतिक सम्पत्ति खरानी बनायो । सरकारी दस्तावेज, कागजपत्र र अभिलेखको आगजनीले प्रशासनिक प्रक्रियामा ठूलो जटिलता थप्ने निश्चित प्राय: छ । नीतिगत, कानुनी आधार नष्ट भएपछि राज्य सञ्चालनको आधारभूत संरचनामै प्रश्न उठेको छ । कहिल्यै नभएको गरी सरकारी संरचनामाथि गरिएको यस्तो आक्रमणले मुलुकलाई दुईवटा दिशामा धकेल्ने संकेत गरेको छ-एकातिर असुरक्षा, अव्यवस्था र आपराधीकरणको बढ्दो जोखिम, अर्कोतिर पुनर्निर्माण, सुशासन र विश्वास जगाउने अवसर । अब मुलुकको भविष्य निर्भर छ, राजनीतिक नेतृत्व, राज्य संयन्त्र र नागरिक समाज कत्तिको शीघ्रताका साथ उठ्ने हिम्मत देखाउँछन् भन्नेमा । यदि ढिलासुस्ती दोहोरियो भने, यो खरानीमाथि नयाँ संरचना बनाउनुअघि नै अर्को आँधी आउन सक्छ । जेन-जी आन्दोलनको आँधीपछिको धुलो अझै उडिरहेको छ । यस्तो संवेदनशील क्षणमा आन्दोलनले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई नागरिक सरकारको प्रधानमन्त्रीका रूपमा चुनेको छ । यो निर्णय आफैंमा ऐतिहासिकमात्र होइन, मुलुकको भविष्यलाई नयाँ दिशातर्फ मोड्नसक्ने संकेत पनि हो । तर, नवनियुक्त प्रधानमन्त्री कार्कीले पदभार ग्रहण गरेसँगै उनका सामु चुनौतीका पहाड तेर्सिएका छन् । एकातिर आन्दोलनको राप र तापको भुंग्रो अझै थामिएको छैन, अर्कोतर्फ संविधानले तोकेको समयसीमा भित्रै- ६ महिनाभित्र प्रतिनिधिसभा चुनाव गर्ने बाध्यता छ । राजनीतिक संक्रमणको यो दुष्चक्रबाट नेपाललाई पार लगाउने जिम्मेवारी अब सरकार मात्र होइन, सम्पूर्ण समाजको साझा दायित्व बनेको छ । यो सरकारबाट कति काम हुन्छ वा हुँदैन भन्ने अनुमान अहिले कसैले गर्न सक्दैन । तर, इमानदार प्रयत्न भए, केही सकारात्मक कामको सुरुवात गरेर कोशेढुंगो राख्न सकिन्छ भन्ने आशा नागरिकमा पलाएको छ । हामी प्राय: 'यो भएन, 'त्यो भएन। भनेरमात्र गुनासो गर्छौं । तर, के गर्न सकिन्छ भन्ने दृष्टिकोण बोकेर अघि बढ्नसके भने साना प्रयासले ठूलो परिणाम दिन सक्छन् । यसै सन्दर्भमा, तत्कालका लागि सरकारका लागि एउटा व्यावहारिक र दूरदृष्टिपूर्ण पहल हुनसक्छ, 'मर्मत तथा पुनर्निर्माण मन्त्रालय को स्थापना । भौतिक योजना तथा पूर्वाधार मन्त्रालय अहिले छ तर, यसको काम र प्राथमिकता नयाँ परिप्रेक्ष्यमा पुग्न सक्दैन । अहिलेको संकट विशेष प्रकृतिको हो-सरकारी भवनदेखि न्यायालय, संसद्, मन्त्रालय, प्रहरी कार्यालय, विद्यालय, अस्पतालसम्म खरानी भएका छन् । यो अवस्थामा सामान्य 'भौतिक योजना। का गतिविधिले तत्कालै विश्वास जगाउन सक्दैन । 'मर्मत तथा पुनर्निर्माण मन्त्रालय। को काम संकटपश्चात् तत्कालै उठेका प्रश्नहरूको जवाफ दिनु हुनेछ । पहिलो, आन्दोलनले भत्काइदिएका संरचनालाई द्रुतगतिमा पुनर्निर्माण गर्ने । दोस्रो, खरानीमा परिणत भएका कार्यालय र सेवाकेन्द्रलाई चाँडै सञ्चालनमा ल्याउने । तेस्रो, निजी क्षेत्र, उद्यमी, सञ्चार गृह, विद्यालय, अस्पताल आदिमा भएको क्षतिको मूल्यांकन गरेर राहत तथा पुनर्निर्माणमा सरकार र निजी क्षेत्रबीच सहकार्य गर्ने । नयाँ मन्त्रालयको स्थापना केवल संरचनात्मक हेरफेरमात्र होइन, नागरिकसँगको सम्बन्ध पुन: जगाउने विश्वासको कार्य हुनेछ । आन्दोलनले दिएको घाउ गहिरो छ-संसद् जल्नु, अदालत खण्डहर हुनु, सिंहदरबार खरानी हुनु सामान्य कुरा होइन । यस घडीमा सरकारले तत्कालै 'मर्मत तथा पुनर्निर्माण मन्त्रालय। बनाएर 'हामी उठ्छौं, हामी बनाउँछौं। भन्ने सन्देश दिनसके भने, त्यो नै राजनीतिक संक्रमण पार गर्ने पहिलो कोशेढुंगो बन्न सक्छ । सुशीला कार्की नेतृत्वको नागरिक सरकारले यो साहसिक कदम चाल्न सके जनताले 'यो सरकार अरूभन्दा फरक छ। भन्ने विश्वास गर्न थाल्नेछन् । विश्वास पुन: जगाउने काम सुरु भयो भने मात्र चुनावसम्मको बाटो सहज हुनेछ । नेपालले जेन-जी आन्दोलनको भूकम्पजस्तो धक्कापछि फेरि उभिनुपर्ने ठूलो चुनौती सामना गर्नुपरेको छ । संसद्देखि सिंहदरबारसम्म, सरकारी कार्यालयदेखि विद्यालय, अस्पताल र निजी संरचनासम्म खरानी भएको अवस्थामा पुनर्निर्माण अबको पहिलो प्राथमिकता हो । यही आवश्यकता बुझेकाखण्डमा सरकारले तत्कालै 'मर्मत तथा पुनर्निर्माण मन्त्रालय। को अवधारणा अघि सार्नु बुद्धिमानी हुनेछ । मन्त्रालयको प्रमुख काम भनेको अहिले भएको भौतिक संरचनाको पुनर्निर्माण हो । तर, यसको भूमिका त्यत्तिमै सीमित रहने छैन । दशकौंदेखि चल्दै आएको 'डुप्लिकेसन । अर्थात् एउटै काम पटकपटक गर्ने, योजनानुसार समन्वय नहुने र बजेट फजुल खर्च हुने परम्परालाई अन्त्य गर्न यो मन्त्रालय निर्णायक सावित हुनसक्छ । हामी सबैले देखेका छौं-सडकमा यो महिना पिच हुन्छ, दुई महिनापछि त्यही पिच भत्काएर ढल बनाइन्छ । ढल सकिनासाथ अर्को महिना बिजुलीको पोल सारिन्छ । बल्लतल्ल काम सकिँदा फेरि अर्को विभागले आएर पिच फोड्छ । यसरी हेर्दाहेर्दा पुस्ता बुढो हुन्छ, तर सडक कहिल्यै स्थायी हुँदैन । अब यसरी होइन । त्यसैले सबै खाले ठूला पूर्वाधार-सडक, ढल, खानेपानी, बिजुली, इन्टरनेट-लाई एउटै 'प्याकेज मा राखी योजना बनाउनुपर्ने समय आएको छ । सहरी क्षेत्रमा खानेपानी, ढल, सडक, बिजुली र टेलिफोन/इन्टरनेटसँग सम्बन्धित पूर्वाधारलाई एउटै 'बास्केट। मा राखेर निर्माण गर्न सकियो भने त्यसले दीर्घकालीन फाइदा दिन्छ । पुराना संरचनासमेत एकीकृत परियोजनाबाट पुनर्निर्माण गर्दा अझ प्रभावकारी हुनेछ । उदाहरणका लागि सडकको पिच उप्कियो भने अहिले सडक विभागले कालोपत्र लगाएर मर्मत गर्ने सट्टा माटोले पुरेर ढाक्नेगर्छ । यसले अल्पकालीन राहत त दिन्छ, तर दीर्घकालीन क्षति बढाउँछ । यसलाई समाधान गर्न सरकारले विशेष 'मर्मत सम्भार टिम। बनाउनुपर्छ । यो टिमसँग 'पूर्वाधार एम्बुलेन्स। हुनुपर्छ । जसरी बिरामी परेको बेलामा एम्बुलेन्स तुरुन्त घटनास्थलमा पुग्छ, त्यस्तै मर्मत टिमले सडकमा पिच उप्किएको, पानीको पाइप फुटेको वा बिजुलीको पोल ढलेको अवस्थामा तत्कालै पुगेर मर्मत गर्ने व्यवस्था गर्न सकिन्छ । यो प्रणाली लागू भएमा जनताले प्रत्यक्ष रूपमा सेवा पाउनेछन् र संरचना लामो समयसम्म टिकाउ हुनेछन् । देश अहिले आर्थिक संकटको घेरामा छ । भौतिक संरचना पुनर्निर्माणका लागि खर्बौं रुपैयाँ आवश्यक छ । यस्तो बेला राष्ट्रको फजुल खर्च घटाउनु र उपलब्ध स्रोतको अधिकतम उपयोग गर्नु नै प्रमुख नीति बन्नुपर्छ । 'मर्मत तथा पुनर्निर्माण मन्त्रालय।ले संरचनागत पुनर्निर्माणमात्र होइन, खर्चमा पारदर्शिता र दक्षता ल्याएर मुलुकलाई संकटबाट उबार्ने आधार तयार गर्नसक्छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०२५
रेडक्रस पाल्पा ०७५-५२०६०
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : घर परिवारबाट सहयोग मिल्नेछ। व्यापारीहरूलाई नयाँ चुनौतीहरू आउनेछन्। | **तुला** : जोश जाँगर र हिम्मत बढ्नेछ । आफ्नो चलाखीपनले कार्य सिद्ध हुनसक्छ। |
| **वृष** : नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । |
| **मिथुन** : नयाँ कार्यको थालनी हुनेछ । आफ्नै दक्षतामा कार्यहरू सम्पन्न हुनेछन्। | **धनु** : लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । व्यवहारबाट सजग रहनु । |
| **कर्कट** : बाहिर धेरै समय बित्नेछ। विदेशतिरबाट राम्रो सूचना मिल्ने योग | **मकर** : नयाँ कार्य प्रारम्भ नगरौं। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। |
| **सिंह** : कार्यक्षेत्रमा नयाँ योजनाहरू बन्नेछन्। व्यापारमा सामान्य लाभ रहनेछ। | **कुम्भ** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । व्यापार व्यवसायमा प्रगति होला। |
| **कन्या** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ। राजनीतिक कार्यमा सफलता मिल्नेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भइनेछ। |

बाल बाटिका

नीतिकथा — विपिन श्रीस

# सम्मान पाउने तरिका

मानिस सामाजिक प्राणी हो । समाजमा प्रतिष्ठित हुन पाइयोस्, धनी, मानी र सम्मानित भएर बाँच्न पाइयोस्, अरूले प्रशंसा गरून्, सबैको उदाहरणीय बनेर बस्न पाइयोस् भन्ने चाहना सबैमा हुन्छ । तर, त्यस्तो अवस्था चाहेर मात्र प्राप्त हुँदैन । त्यस्तै किसिमको त्याग, तपस्या र समर्पण पनि हुनुपर्छ । जसले जस्तोसुकै अवस्थामा पनि धैर्य धारण गरी आफ्नो कर्तव्य र दायित्व निर्वाह गर्न सकेको छ, उसले त्यस्तो अवस्था प्राप्त गर्न सक्छ जसले सकेको छैन उसको चाहना केवल चाहनामै सीमित हुन पुग्छ । धेरै पहिलेको कुरा हो । कुनै स्थानमा साधु सज्जनको ठुलो सभा चलिरहेको थियो । देश विदेशका ठूल-ठूला राजा महाराजा सन्तमहन्त, साहु महाजन जम्मा भएका थिए । गर्मीको मौसम थियो ।

प्रचण्ड धूपले सबैको शरीर तातिरहेको थियो । यत्तिकैमा कुनै एक सज्जनले माटाको घडामा चिसो पानी ल्याएर राखिदिए । त्यो पानी केवल पानी मात्र थिएन । गङ्गाको पवित्र जल थियो । गर्मीको मौसममा माटाको घडामा राखिएको पानीको मिठास नै अर्कै हुन्छ । त्यसमाथि त्यो पानी स्वच्छ पनि थियो र पवित्र पनि थियो । त्यसैले त्यसलाई सबैले मीठो मानेरमात्र खाएनन् घडाको प्रशंसा पनि गरे र पानी ल्याउने सज्जनलाई धन्यवाद दिए । सभाको बाहिर बस्ने एक जना सज्जन यी सब हेरिरहेका थिए । हेर्दाहेर्दै उनको मनमा श्रद्धाको भाव भरिएर आयो र मनमनै सोच्न लागे- 'ओ हो ! यो घडा कति भाग्यमानी रहेछ । यसले कुन जुनीमा कस्तो तपस्या गरेको रहेछ कुन्नि । जो आफू स्वयं माटो भएर पनि यति ठुलो विद्वतसभाको बीचमा स्थान पाएको छ । सबैले छामेका छन्, मसारेका छन्, प्रशंसा गरेका छन् । माटो जस्तो सामान्य पदार्थले पनि यति ठुलो सेवा गर्ने अवसर पाउनु र प्रशंसाको भागिदार हुन पाउनु भनेको पक्कै चानचुने भाग्यले सम्भव हुने कुरा होइन । तर, मेरो जीवनमा त अभाग बाहेक केही लेखिएकै छैन । मानव चोला पाएर पनि अहिलेसम्म बेकार नै गएको छ । न त्यस्तो सेवाको असर पाएको छु न कसैले वास्ता नै गरेका छन् ।! सज्जनको मनको भाव त्यस घडाले मनमनै थाहा पायो र मुसुक्क हाँस्दै भन्यो- 'सज्जन भाइ दुःख नमान । यी सबै तपस्याका फल हुन् । मैले पनि यस्तो अवसर त्यत्तिकै पाएको होइन । यसभित्र लामो त्याग, तपस्या, धैर्य र समर्पण छिपेको छ ।



> *म आफैंमा माटो हुँ । अकिन्चन माटो बनेर कुनै कुनामा मिल्किरहेको थिएँ । कहिले पनि सोचेको थिइन कि भगवान्ले एक दिन यति ठुलो दया गर्लान् भनेर तर तपस्याको फल खेर जाँदो रहेनछ । एक दिन एक जना कुमाले दाइ आएर खनजोत गरी बसेको स्थानबाट निकाले । म अबोध माटो के गर्न सक्थेँ र मात्र हेरिरहेँ । हेर्दाहेर्दै उनले गधाको पीठमा बोकाएर कारखानामा पुर्याए । मुङ्ग्रोले ठोकठाक गरी धुलोपीठो पारे र पानी हालेर मुछमाछ गरी चक्कामा राखेर घुमाए । त्यतिसम्म त ठीकै थियो तर उनी त्यतिमा मात्र रोकिएनन् । चक्काबाट निकालेपछि पनि पुनः मुङ्ग्रोले फेरि ठोकठाक गरी आगोको भुङ्ग्रोमा राखेर पकाए । सायद उनको ईच्छा त्यतिले मात्र पनि पूरा भएनछ क्यारे । त्यसपछि फेरी गधालाई बोकाएर बजारमा बेच्न लगे । त्यसपछि मेरो जीवनमा दुर्भाग्यको अर्को अध्याय सुरू भयो । ग्राहकहरूले आएर हातले पिटपाट गरी ठीक छकिछैन भनेर चेकजाँच गरे । पानी हालेर चुहिने नचुहिने हेरे । यति गरे पछि पनि मूल्य लगाए त कति थाहा छ ? यस्तै चालीस पचास रूपियाँ ।*

म आफैंमा माटो हुँ । अकिञ्चन माटो बनेर कुनै कुनामा मिल्किरहेको थिएँ । कहिले पनि सोचेको थिइन कि भगवान्ले एक दिन यति ठुलो दया गर्लान् भनेर तर तपस्याको फल खेर जाँदो रहेनछ । एक दिन एक जना कुमाले दाइ आएर खनजोत गरी बसेको स्थानबाट निकाले । म अबोध माटो के गर्न सक्थेँ र मात्र हेरिरहेँ । हेर्दाहेर्दै उनले गधाको पीठमा बोकाएर कारखानामा पुर्याए । मुङ्ग्रोले ठोकठाक गरी धुलोपीठो पारे र पानी हालेर मुछमाछ गरी चक्कामा राखेर घुमाए । त्यतिसम्म त ठीकै थियो तर उनी त्यतिमा मात्र रोकिएनन् । चक्काबाट निकालेपछि पनि पुनः मुङ्ग्रोले फेरि ठोकठाक गरी आगोको भुङ्ग्रोमा राखेर पकाए । सायद उनको ईच्छा त्यतिले मात्र पनि पूरा भएनछ क्यारे । त्यसपछि फेरि गधालाई बोकाएर बजारमा बेच्न लगे । त्यसपछि मेरो जीवनमा दुर्भाग्यको अर्को अध्याय सुरू भयो । ग्राहकहरूले आएर हातले पिटपाट गरी ठीक छक्छैन भनेर चेकजाँच गरे । पानी हालेर चुहिने नचुहिने हेरे । यति गरे पछि पनि मूल्य लगाए त कति थाहा छ ? यस्तै चालीस पचास रूपियाँ । यति ठुलो कष्ट सहेर पनि नाम मात्रको मूल्य देखेर मन रोयो । तैपनि धैर्य भने गुमाइन र मनमनै भगवानलाई भनेँ- 'हे भगवान् ! तिमी कति निष्ठुरी । ममाथि मात्रै यति ठुलो अन्याय किन र केका लागि गर्दैछौ ? अरू कोही भेटेनौ र सबै निर्दयताका भारी मैमाथि बिसाउँदै छौ ? हरेक दिन एउटा न एउटा अन्याय खेपेको छु । के मेरो भाग्यमा अन्याय मात्र लेखिएको छ र यस्तो गर्दैछौ ? ! तर अहिले आएर लाग्दैछ भगवान्ले ममाथि अन्याय गर्न होइन न्याय गर्नका लागि यी सब गरेका रहेछन् । मलाई यति ठुलो पुन्यको अवसर दिनकै लागि परीक्षा लिएका रहेछन् । जस्तोसुकै विपत्तिमा पनि धैर्य धारण गरी स्वधर्मको परिपालन गरेको हुनाले नै यस्तो अवसर पाएको हुँ । यदि तिमीले पनि त्यस्तै गर्यौ भने पक्कै यस्तो अवसर पाउनेछौ । म जस्तो तुच्छ माटोले त यस्तो अवसर पाएको छु भने तिमी मानिस । ज्ञान छ, बुद्धि छ विवेक छ ।! यति भनेर घडा चुप लाग्यो । त्यसपछि सज्जनको आँखा खुल्यो । उनी घडालाई धन्यवाद दिँदै हिँडे र घडाले भने जस्तै गर्न लागे । नभन्दै उनले पनि एक दिन त्यस्तै अवसर प्राप्त गरी सदाका लागि सुखी र आनन्दित भए । यो एउटा दृष्टान्त हो । वास्तवमा तपस्याको फल कहिले पनि खेर जाँदैन । मात्र के हो भने तत्कालै भएन भनेर आत्तिन पनि हुँदैन र आफ्नो कर्तव्य निर्वाह गर्नबाट पछि हट्नु पनि हुँदैन । सुख, दुःख झरी बादल, आरोह अवरोह केही नभनी निरन्तर कर्तव्यपथमा लागिरहने हो भने सबैले एक दिन त्यस्तै किसिमको मान सम्मान र प्रशंसा प्राप्त गर्न सक्नेछन् ।

*-रातोपाटी डटकम*

निबन्ध — इगम खालिङ

# परफेक्ट कोही छैन

> *मैले ईश्वरलाई त्यस ऊर्जाका रूपमा मानिरहेको छु, जसले यो संसार बनिएको छ, अनि जसद्वारा महाबह्माण्ड रचिएको छ । ईश्वरलाई हामीमाझ पाउँदैनौं किनकि उहाँको सिर्जना परफेक्ट भएको कारणले उहाँलाई पुनरावृत्ति, परिमार्जन, विनिर्माण, पुनर्निर्माण र पुनर्सिर्जनाको कुनै आवश्यकता नै पर्दैन । जुन कुरा परफेक्ट हुन्छ त्यसलाई थप केही चाहिँदैन । त्यसरी ईश्वलाई लेखिरहनु, सुधारिरहनु र सिकिरहनुपर्दैन । हामीकहाँ आइरहनु पनि पर्दैन । ईश्वर आफ्नै परफेक्शनमा सिद्ध छन् । आफ्नो परफेक्ट सिर्जनामा अवस्थित छन् । हामी उनका परफेक्शन हाम्रो प्रकृतिको प्रकृतिमा (भ्रममा पर्दै भए पनि) खोजिरहेका हुन्छौं । हामीले गरेको सिर्जना ईश्वरको तुलनामा एउटा सानो कण जति मात्र हो । हामी त्यति सानो भएर पनि आफ्नो सिर्जनाद्वारा ईश्वरको अनुकरण चाहिँ गरिरहेका हुन्छौं । तर हामी अनुकरणद्वारा ईश्वर बन्न सक्दैनौं । बनी नै हाल्यौं भने हाम्रो काम नै सकिन्छ । यसको विपरीत तिनीहरूलाई तर्कसङ्गत बनाउनुहोस्, र तिनीहरूलाई राम्ररी बुझ्नुहोस् ।*

एकदिन म दार्जीलिङ शहरको चोकबजारभित्र एउटा सब्जी पसलमा सब्जी छान्दै थिएँ, त्यति बेला अचानक मेरो भेट मेरो एकजना अति आदरणीय गुरुसित भयो । उहाँलाई त्यहाँ त्यसरी अचानक भेट्दा मैले सब्जी छान्न छोडेर नमस्कार गरें । उहाँले मलाई देख्ने बित्तिकै सोधिहाल्नुभयो, "अरे, इगम ङ तिमी पनि सब्जी किन्न आउँछौ ?" मैले "आउँछु नि सर ङ" भनिपठाएँ । उहाँले हतारिँदै भन्नुभयो, "ल इगम, मलाई अलिक हतार छ, तिमी सब्जी किन्दै गर है ङ" "हुन्छ सर" मात्र के भनेको थिएँ मेरो हातबाट सब्जी भुइँमा झर्यो । म रातोपिरो भएर झरेको सब्जीलाई छिटछिटो उठाउन थालेँ । उहाँ मेरो छेउमा आएर मलाई भन्नुभयो, "इगम ङ भूल हुन्छ तर भूलसित डराइरहनु हुँदैन । भूललाई सोचिरह्यो भने मान्छेले सिर्जनात्मक काम गर्न सक्दैन । मान्छे परफेक्ट भयो भने उसले सिर्जना गरिरहनुपर्दैन किनकि ऊ ईश्वर बनिहाल्छ । ईश्वर बनेपछि उसको काम नै सकिन्छ ।" त्यति भनिराखेर सर आफ्नो बाटो लाग्नुभयो ।

सरले मलाई "काम गर्दा भूल हुन सक्छ अथवा हुन्छ" भन्ने कुरा बुझाउन खोज्नुभएको जस्तो लागिरह्यो । सरको त्यस कुराले मेरो मनको पोखरीमा ढुङ्गा हानिरह्यो । "ईश्वर परफेक्ट छ ङ" भन्ने विचारले ईश्वरलाई थुप्रै संज्ञा दिएका छन्, साथै थुप्रै विशेषणद्वारा अलङ्कृत गरेका छन् । तर यहाँ मैले धर्म र धर्मग्रन्थहरूमा उल्लेखित ईश्वर सम्बन्धित कुराहरू गरिरहेको छैन । मैले ईश्वरलाई त्यस ऊर्जाका रूपमा मानिरहेको छु, जसले यो संसार बनिएको छ, अनि जसद्वारा महाबह्माण्ड रचिएको छ । ईश्वरलाई हामीमाझ पाउँदैनौं किनकि उहाँको सिर्जना परफेक्ट भएको कारणले उहाँलाई पुनरावृत्ति, परिमार्जन, विनिर्माण, पुनर्निर्माण र पुनर्सिर्जनाको कुनै आवश्यकता नै पर्दैन । जुन कुरा परफेक्ट हुन्छ त्यसलाई थप केही चाहिँदैन । त्यसरी ईश्वलाई लेखिरहनु, सुधारिरहनु र सिकिरहनुपर्दैन । हामीकहाँ आइरहनु पनि पर्दैन । ईश्वर आफ्नै परफेक्शनमा सिद्ध छन् । आफ्नो परफेक्ट सिर्जनामा अवस्थित छन् । हामी उनका परफेक्शन हाम्रो प्रकृतिको प्रकृतिमा (भ्रममा पर्दै भए पनि) खोजिरहेका हुन्छौं । हामीले गरेको सिर्जना ईश्वरको तुलनामा एउटा सानो कण जति मात्र हो । हामी त्यति सानो भएर पनि आफ्नो सिर्जनाद्वारा ईश्वरको अनुकरण चाहिँ गरिरहेका हुन्छौं । तर हामी अनुकरणद्वारा ईश्वर बन्न सक्दैनौं । बनी नै हाल्यौं भने हाम्रो काम नै सकिन्छ । यही सन्दर्भमा मलाई एकजना महान् चित्रकार साल्भाडोर डालीको भनाइले मेरो मस्तिष्कको ढोका ढकढकाइरहेको छः "गल्तीहरू प्रायः पवित्र प्रकृतिका हुन्छन् । तिनीहरूलाई सच्याउने कहिल्यै प्रयास नगर्नुहोस् । यसको विपरीत तिनीहरूलाई तर्कसङ्गत बनाउनुहोस्, र तिनीहरूलाई राम्ररी बुझ्नुहोस् । त्यसपछि तपाईंका निम्ति तिनीहरूलाई उदात्तीकरण गर्न सम्भव हुनेछ ।" बजारबाट म के-के सोच्दै घर आइपुगेँ । श्रीमतीले सब्जी झोलाबाट निकाल्दै भनिन्, "कति टमटरहरू कुहिएका रहेछन्, राम्ररी छानेर किन्नुभएन क्या हो ?" म चूप लागेर बसिरहेँ । पानी पनि मागिनँ । सोच्न थालें- म पनि सिद्ध भएको भए यसरी सब्जी बजारबाट किनेर ल्याउनुपर्दैन थियो होला, दिउँसाको खाना पर्खिएर बसिरहनु पर्दैन थियो होला, अनि कलम लिएर कागजलाई यसरी लेखेर काउकुती लगाइरहनु पनि पर्दैन थियो होलाङ्ग श्रीमतीले खानेकुरा पकाउने तर्खर गर्न थालिन् तर उनलाई थाहा थिएन कि जुन दिन उनले परफेक्ट खाना पकाउनेछिन् त्यस दिनदेखि हामीले खाइरहनुपर्दैन । हामी परफेक्ट भइहाल्यौं भने हामीलाई चलाउन नसकेर हाम्रा दाजु-भाइ, दिदी-बहिनी, इष्टमित्र र समाजका मानिसले हामीलाई थन्काएर राखिदिनेछन् कुनै एउटा प्रसिद्ध सङ्ग्रहालयमा वा प्रयोगशालामा । परफेक्ट स्वादिष्ट खाना सम्झेर म श्रीमतीलाई चिहाउन भान्छाघर यसो गएको त उनले कुहिएका आलुलाई छान्दै काट्दै रहिछन् । त्यो देखेर म ढुक्क भएँ किनकि ती कुहिएका आलुबाट परफेक्ट आलुको तरकारी तयार हुन सक्दैन । परफेक्ट भइहाल्यो भने हामीलाई जन्म-मरणको चक्रमा पसिरहनुपर्दैन । अनि एउटा सिर्जनाबाट अर्को सिर्जना गर्दै हिँडिरहनु पनि पर्दैन । म जति नै डराऊँ वा जति नै नकारात्मक कुरा गरिरहूँ तर हामीलाई परफेक्शन मन पर्छ । म मेरा दाजुभाइ र दिदीबहिनीहरूलाई जुनै पनि काम गर्दा परफेक्ट हुनुपर्छ भन्ने सुझाव दिने गर्छु । उनीहरूले मलाई कतिपल्ट "कुनचाहिँ परफेक्ट हो ?" भनेर सोधेका पनि छन् । 'परफेक्ट' यो नै हो भनेर भन्न र देखाउन सकिँदैन किनकि परफेक्शन व्याक्तिपरक अनि अमूर्त हुन्छ । जीवनको सम्भावना असीम छ अनि जीवनका विषय र वस्तुहरूको आकलन दिन र सिमाङ्कन गर्न साह्रो हुन्छ । मानव ज्ञानका विषय सामाजिक मान्यताका विषय भएको कारणले गर्दा हामी काम चलाउका रूपमा सामाजिक स्वीकृति बनाएर अघि बढिरहेका हुन्छौं । यही बुँदालाई आधार बनाएर मैले उनीहरूलाई परिभाषा दिने गर्दछु । जस्तै– कुनै कामलाई पुनः सुधार्न, परिमार्जन र परिष्कृत गर्न नपरोस् । यसै सन्दर्भमा जर्मनका एकजना महान् दार्शनिक रेने डेकार्डको 'सन्देहविधि' को कुरा उनीहरूलाई सुनाउने गरेको छु । हुन त यस्तो उदाहरण जुनसुकै स्थिति अनि विषयमा दिन मिल्दैन । परफेक्शनलाई मान्यौं भने यस्तो विधि काम लाग्दैन । तर जे होस्, ईश्वर खगोलीय शक्ति (कस्मिक पवर) हुन् भने हामी त्यसको अंश चाहिँ निश्चय नै हौं । त्यति सोच्दा-नसोच्दा दिउँसाको भोजन पाकिसकेको थियो, तर मलाई भने इन्द्रबहादुर राईले साहित्यिक मासिक 'गरिमा' को एउटा अङ्कमा दिनुभएको अन्तर्वार्ताको सम्झना आइरहेको थियो । जहाँ उनले भनेका छन् कि साहित्य लेखनमा उनको खोज ईश्वरको खोज हो । ईश्वरलाई भेटिन्छ कि भेटिँदैन त्यो उनलाई थाहा नभएको बताएका छन् । त्यही अन्तर्वार्ता पढेर मैले उनको ईश्वर भेट्न उनका पुस्तकहरू खोजीखोजी पढ्न थालेको थिएँ । उन्नाइसौं शताब्दीमा फ्रेडरिक नित्शेले ईश्वरको मृत्यु भएको घोषणा गरिसकेका थिए भने एक्काइसौं शताब्दीका महान् वैज्ञानिक स्टेफन हकिङले चाहिँ हाम्रो बह्माण्ड बुझ्नलाई ईश्वर चाहिँदैन भनेका छन् । यसो सोच्दा उनले ईश्वर छैन भन्न खोज्नुभएको चाहिँ ईश्वर परफेक्ट भएर नै अचल भएको हो कि जस्तो पनि लाग्छ । ईश्वर आफ्नो सिर्जनाभित्रै सिद्ध (अवस्थित) अथवा उहाँको चर्चा गरेर कुनै फाइदा छैन । दि ग्रान्ड डिजाइन मा हकिङ (२०११, पृष्ठ २२७) लेख्छन्–" स्वस्फूर्त सृष्टि भनेको केही नभई केही हुनुको कारण हो, ब्रह्माण्ड किन अवस्थित छ, हामी किन अवस्थित छौँ । नीलो 'टच पेपर' लाई उज्यालो पार्न र ब्रह्माण्डलाई चलाउनका लागि भगवानलाई आग्रह गर्नु आवश्यक छैन ।" हामीले ईश्वरलाई हाम्रो सोच, विश्वास, आस्था र धर्महरूमा पाएका छौं । हामीले ईश्वरलाई परफेक्शनसित जोड्ने गरे तापनि उहाँलाई जहाँ पायो त्यहीं जोड्न सक्दैनौं । त्यसको अर्थ यो होइन कि हामी भूलमाथि भूल गरिरहौं । भनिन्छ नि भूलबाट सिकेर त्यही भूल पुनः नगर्ने व्यक्ति ज्ञानी हो तर भूल गरेर त्यही भूल दोहर्याउने व्यक्ति चाहिँ मूर्ख हुन्छ ।

*-साहित्यपोस्ट डटकम*

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ को शुभ अवसरमा
कार्यकारी समिति, उपसमिति, पदाधिकारी लगायत
सम्पूर्ण शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा
रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख,
शान्ति, समृद्धि एवं दिघार्यूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रकाश रेग्मी
प्रबन्धक

**श्री पाल्पा रारा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
तानसेन, पाल्पा

---

## हार्दिक मंगलमय शुभकामना

बिजया दशमी, शुभदिपावली, छठ पर्व २०८२ को अवसरमा, सम्पूर्ण, सेवाग्राही, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा,दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुमिर कुमार समरखाती
प्रोपाईटर
एंव

**न्यु उपहार ग्रील आल्मोनियम तथा स्टील उद्योग परिवार**
तानसेन–२, मेहेलधारा, पाल्पा

---

विजया दशमी तथा शुभ दिपावली २०८२ को शुभ अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमा, बुबा, दाजुभाइ, दिदीबहीनीहरुमा सुख, शान्ति, समृद्धि र दिर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण महतराज — कोषाध्यक्ष
राजेश भट्टराई — सचिव
जयप्रकाश उप्रेती — अध्यक्ष

**सामुदायिक सेवा केन्द्र परिवार**
तानसेन, पाल्पा

---

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

पुस्करराज रेग्मी — क्याम्पस प्रमुख
राजन प्रसाद पन्त — अध्यक्ष
डा.राम प्रसाद शर्मा — संरक्षक

**तानसेन बहुमुखी क्याम्पस परिवार**
तानसेन, पाल्पा

---

## हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण क्लबका शुभेच्छुकहरु, देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विष्णु प्रसाद श्रेष्ठ — सचिव
विनायक महर्जन — अध्यक्ष
एवं

**नारायण युवा क्लब परिवार**
तानसेन–२, पाल्पा

---

## हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८२ को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी लगायत सम्पूर्ण शेयर सदस्यहरु, शुभेच्छुकहरुतथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति समृद्धि एवं दीघार्यूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बोध लक्ष्मी ज्ञवाली — सचिव
सुरेश कर्माचार्य — अध्यक्ष

**श्री नवोदित बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन–१, गैरागाउँ, पाल्पा

---

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८२ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सन्तवीर बराल — प्र.अ.
पुस्कर राज रेग्मी — वि.व्य.स. अध्यक्ष

**पद्म पब्लिक नमूना माध्यमिक विद्यालय परिवार**
तानसेन, पाल्पा

---

## हार्दिक मंगलमय शुभकामना

हिन्दूहरुको महान चाड विजया दशमी, यम पञ्चक तिहार, छठ पर्व २०८२तथा नेपाल सम्वतको अवसरमा हाम्रा संस्कृति, रीतिरिवाज मानव अधिकारलाई खलल नपर्ने गरी रमाइलोसँग शान्तिपूर्ण ढंगले मनाऔं। आफ्नो गाउँ, ठाउँ समाज, देश र समस्त प्राणी जगतमा सेवा सद्भाव कायम गरौं।
समस्त नेपाली नागरिक तथा शुभचिन्तक ज्यूहरुमा सुस्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अशोक घिमिरे — सचिव
सन्तवीर बराल — सभापति

**मानव अधिकार तथा शान्ति समाज परिवार**
तानसेन, पाल्पा

---

## हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दिपावली तथा छठपर्वको सुखद अवसरमा समस्त ग्राहकवर्ग, व्यवसायी मित्र तथा सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रबिन राज शाक्य — महासचिव
दिलिप कुमार समरखाती — कार्यवाहक अध्यक्ष

**पाल्पा सुनचाँदी व्यवसायी संघ परिवार**
तानसेन, पाल्पा

---

विजया दशमी २०८२ को पावन अवसरमा देश, विदेशमा रहनुभएका सम्पूर्ण नेपालीजनहरु, सेवाग्राही, कर्मचारीवर्ग, शुभेच्छुकहरुमा सुख, शान्ति समृद्धि र दिर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## डेंगुबाट बच्ने उपायहरु

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।

**स्वास्थ्य कार्यालय पाल्पा**
लुम्बिनी प्रदेश, नेपाल

---

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
**शितलपाटी**.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई